आज मिति २०७५ साल भाद्र ०७ गते विहिवारका दिन यस नरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मीरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

**<u>कार्यकारीणी सदस्यहरु</u>**

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | **<u>अनुपस्थित</u>** |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**<u>निर्णय नं.१:</u>** यस नगरपालिका अन्तर्गत वहाव क्षेत्र रही बगिरहेका मादी तथा सेती नदीको यस नगरपालिकाको बहाव क्षेत्रभित्रको नदी किनाराको नदीजन्य पदार्थ उत्खनन्को लागि मिति २०७५/०४/२८ गते प्राकृतिक साधन उपयोग कर ठेक्कामा लगाउने सूचना प्रकाशित गरिएकोमा हालसम्म अध्ययनको प्रकियामा रहेको क्षेत्रको प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङक (IEE) को प्रतिवेदन प्राप्त हुन ढिलाई भएकोले सो प्रतिवेदन प्राप्त भए पश्चात पुन: सूचना प्रकाशन गर्ने गरी यस अघि मिति २०७५/०४/२८ गते प्रकाशित प्राकृतिक स्रोत साधन उपयोग करको ठेक्का सम्बन्धी सूचना रद्द गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** यस नगरपालिकाको वडा नं १ को वडा कार्यालय भवन निर्माण कार्यको लागि मिति २०७४/११/१६ मा प्रकाशित गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम दर्ता भएका बोलपत्रहरु मध्ये श्री वाइल्डस्टोन कन्स्ट्रक्सन व्यास १० को रु.२१,३९,७०९।६८ (एक्काई लाख उनान्चालीस हजार सात सय नौ रुपैयाँ अड्सठ्ठी पैसा) अंक बराबरको बोलपत्र यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट स्वीकृत भएको

र जग्गा सम्बन्धी विवादका कारण उक्त योजना हालसम्म पनि सम्झौता हुन नसकेको साथै बोलपत्र जमानत (बिडवण्ड) को समयावधि समेत समाप्त भइसकेको हुँदा उक्त योजनाको लागि हालसम्म भएका सम्पूर्ण बोलपत्र सम्बन्धी प्रकृयाहरु रद्द गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** यस नगरपालिकाबाट उत्पादन हुने फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि Zero waste Manggment को सिद्धान्त अनुरुप फोहरमैलाको वर्गीकरण (कुहिने, नकुहिने अस्पतालजन्य र अन्य) समेत गरी सोको व्यवस्थापन र बिर्सजनको लागि अत्यावश्यक रहेको अत्याधुनिक सेनेटरी ल्याण्डफिल्ड साइडको लागि प्रारम्भिक रुपमा उपयुक्त देखिएको यस व्यास नगरपालिका वडा नं ५ अन्तर्गत पर्ने टेकन थुम्की सामुदायिक वन क्षेत्रको जग्गाको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE) गर्ने तथा सोको प्रतिवेदनले समेत उपर्युक्त ठहर्याएमा सरोकारवालहरुसँग पुनः राय परामर्श गर्दै ल्याण्डफिल्ड साइड निर्माण प्रक्रिया अगाडि बढाउने गरी स्थानीय सरोकारवालहरु सहितको यस अधिको भेलाको छलफलबाट निर्णय भएको र सोही निर्णय बमोजिम उल्लेखित क्षेत्रको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गरिदिन फोहोरमैला प्रशोधन प्राविधिक सहयोग केन्द्रलाई अनुरोध गरी पठाइएकोमा, हाल तयार भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत समेत भई यस नगरपालिकालाई प्राप्त हुन आएको प्रतिवेदन उपर बृहद् रुपमा छलफल गरियो । प्रतिवेदनले निर्दिष्ट गरेका सो क्षेत्र अन्तर्गतका विभिन्न पक्षहरुको सम्बोधन गर्ने गरी तथा प्रभाव क्षेत्रका बासिन्दाहरुको हितको लागि आवश्यक न्यूनतम पूर्वाधारहरुमा यस नगरपालिकाको लगानीमा प्राथमिकता रहने गरी सेनेटरी ल्याण्डफिल्ड साइड निर्माणको प्रक्रिया अगाडि बढाउन स्थानीय टोल विकास संस्था, सामुदायिक वन, अन्य संघसंस्था तथा सम्पूर्ण सरोकारवालाहरुसँग आवश्यक राय, परामर्श तथा छलफलका लागि यस नगरपालिकाको ५ नं वडा समितिलाई जिम्मा दिने र सो कार्यका लागि अन्य आवश्यक सहयोग नगरपालिकाले गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** सडक वोर्ड नेपालको अनुदान सहयोग एवं यस नगरपालिकाको पारस्परिक कोष (Matching Fund) समेत संयुक्त लगानीमा निर्माण प्रस्ताव भई हाल कार्य सम्पन्न समेत भइसकेको व्यास नगरपालिका वडा नं २ र ३ अन्तर्गतका विभिन्न सडकहरुमा संचालित शहरी कालोपत्रे सडक रिसिलिङ्ग तथा नाला मर्मत योजनाको लागि ठेक्का प्राप्त श्री वाइल्डस्टोन कन्सट्रक्सन व्यास १० सँग सम्झौता गर्दाका वखत विभागीय ल.ई. (भ्याट र कन्टिजेन्सी समेत) कुल रु.४४,३६,५१७।०९ (अक्षरुपी चौवालीस लाख छत्तीस हजार पाँच सय सत्र रुपैयाँ नौ पैसा) मा सम्झौता गरिएकोमा कार्य गर्दै जाँदा केही सडकहरुमा तत्काल सोही प्रकृतिको कार्य गर्नुपर्ने अवस्था सिर्जना हुन गई सम्बन्धित निर्माण व्यवसायीलाई सो कार्य गर्न आदेश गरिए अनुसार थप रु.२,३३,१०५।५५ (अक्षेरुपी दुई लाख तेत्तीस हजार एक सय पाँच रुपैयाँ पचपन्न पैसा) को कार्य समेत जम्मा रु.४६,६९,६२३।४५ (अक्षेरुपी छयाली लाख उनान्सत्तरी हजार छ सय तेइस रुपैयाँ पैतालिस पैसा) को अन्तिम मूल्यांकन हुन आएकोमा सडक वोर्ड नेपालबाट प्राप्त थप मूल्यांकनको रकम समेत यस नगरपालिकाले लागत सहभागिता वापत व्यहोर्न पर्ने रकम समेत गरी अन्तिम मूल्यांकन भए अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** यही भाद्र २३ गते पर्न गएको शिक्षा दिवस विविध कार्यक्रमहरु सहित भव्य रुपले मनाउने निर्णय गरियो । साथै नगर क्षेत्रका विद्यालय, क्याम्पसहरु एवं अन्य सम्पूर्ण सरोकारवालाहरुसँग आवश्यक छलफल परामर्श तथा समन्वय गरी कार्यक्रमको पूर्व तयारी गर्न यस कार्यालयको शिक्षा शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** यस नगरपालिका वडा नं ७ को छापथोकमा हालै स्थापना गरिएको शहरी स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगी नहुँदा दैनिक कार्य संचालनमा बाधा पुगेको हुनाले हाल व्यास नगरपालिका वडा नं.७ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी लोकबहादुर गुरुङ्गलाई कामकाज गर्न खटाइएको र वडा कार्यालयमा समेत दैनिक कार्य संचालनको लागि एक जना कार्यालय सहयोगी नभै नहुने स्थिति सिर्जना भएको सन्दर्भमा व्यास ७ स्थायी ठेगाना भई व्यास

न.पा वडा नं ७ को कार्यालयमा दैनिक ज्यालादारीमा कार्यालयको सरसफाई कार्यमा विगत १ (एक) वर्षदेखि संलग्न सरोज गुरुङ्गको कार्यालय सहयोगी पदमा नियुक्ति पाउँ भनी निवेदन समेत पर्न आएको हुनाले निजले हालसम्म वडा कार्यालयमा गरेको सरसफाई तथा अन्य काम समेत सन्तोषजनक रहेकोले मासिक रु.१०,०००। (अक्षेरुपी दश हजार रुपैयाँ) पारिश्रमिक दिने गरी निजसँग करार सम्झौता गरी कामका लगाउने निर्णय गरियो ।

**<u>निर्णय नं.७:</u>** यस नगरपालिकाका प्रत्येक वडामा वडा स्तरीय बालमन्च गठन गर्ने गरी कार्यालयबाट पेश हुन आएको प्रस्ताव उपर छलफल गरियो । प्रस्तावित कार्यक्रम बमोजिम यही भाद्र २७ गते भित्र प्रत्येक वडामा वडा स्तरीय बालमन्च गठन गरी पठाउन वडा सचिवहरुलाई लेखी पठाउने र सो कार्य सम्पन्न गर्न प्रत्येक वडालाई बढीमा रु.१५,०००। (पन्ध्र हजार रुपैयाँ) मात्र सम्म खर्च गर्ने गरी रकम उपलब्ध गराउने निर्णय गरियो साथै वडा स्तरीय बालमन्च गठन भइसके पछि भाद्र २९ गते पर्न गएको बाल दिवशको सन्दर्भमा नगर स्तरीय बालमन्च गठन लगायत अन्य विविध कार्यक्रमहरु सञ्चालन गर्दै राष्ट्रिय बाल दिवस भव्यरुपमा मनाउने गरी कार्यक्रमको पूर्व तयारीका गर्ते कार्यका लागि सम्बन्धित शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.८:</u>** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. २४ मिति २०७५/०४/२३ को मानव वेचबिखन विरुद्धको दिवस मनाउने व्यहोराको पत्रका सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७५/०७६ च.नं. १३ मिति २०७५/०४/२७ को, सबै स्थानीय तहरुलाई लेखिएको पत्रका सम्बन्धमा छलफल गरियो । हरेक वर्ष जस्तै यस वर्ष पनि आगामी भाद्र २० गते राष्ट्रव्यापी रुपमा मनाउने गरी तय गरिएको उक्त कार्यक्रम यस नगरपालिकामा पनि **<u>संघीयताको महत्वपूर्ण सार: मानब बेच बिखच अन्त्यका लागि जिम्मेवार र सहकार्य गरी गरौं खबरदार</u>** भन्ने मूल नाराका साथ विविध कार्यक्रम सहित मनाउने गरी सम्बन्धित सम्पूर्ण सरोकारवाला संघ, संस्था एवं कार्यालयहरुसँग समन्वय एवं राय परामर्श गरी उक्त कार्यक्रम मनाउने तयारी गर्न यस नगरपालिकाको महिला बालबालिका तथा समाजकल्यण शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** आ.व २०७४/०७५ मा भए गरेका सम्पूर्ण गतिविधि एवं विकास निर्माण सम्बन्धी कार्यक्रमहरु बारे सर्वसाधारण एवं अन्य सम्पूर्ण सरोकारवालाहरु समेतलाई सु-सुचित गर्ने उद्देश्यका साथ आगामी आश्विन १५ गते भित्र एक दिवसीय बार्षिक समिक्षा कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१०</u>**: यस नगरपालिकाको पूर्वतर्फ सफा सडकमा रहेका दुवै पसल कवलका दोस्रो तलामा भाडामा बसिरहेका व्यक्ति तथा व्यवसायिक फर्महरुलाई आफूले लिएको पसल कवल खाली गर्न भनी यस अगाडि नै पत्रचार गरिएकोमा उल्लेखित स्थानमा व्यवसाय गरी बस्ने विभिन्न फर्म तथा व्यक्तिहरुबाट तत्काल नहटाइदिन साथै हाल उक्त पसल कवलहरुमा जस-जसले व्यवसाय गरेको छ उसैको नाउँमा सम्झौता गर्ने गरी भाडा निर्धारण गर्ने व्यवस्था मिलाई दिनु भन्ने व्यहोराको निवेदन समेत पर्न आएको सन्दर्भमा छलफल हुँदा हाल कार्यालय प्रयोजनका लागि नवनिर्मित भवनको माथिल्लो तला तथा मौजुदा कार्यालय भवनले सम्पूर्ण शाखा, उपशाखाहरुको बसाई व्यवस्थापन मिलाउन सकिने नसकिने एकिन गरी व्यवस्थापन मिलाउन सकिने अवस्था रहेमा यस नगरपालिकाको परम्परा, प्रचलित नियम तथा व्यवसायीहरुको हित समेतलाई मध्ये नजर गरी उपल्लो तलका हाल भाडामा लगाइएका कुन कुन पसल कवलहरु के कति मासिक भाडा दरमा क-कस्लाई भाडामा दिंदा उपयुक्त हुन आउँछ अध्ययन गरी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न राजश्व परामर्श समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.११</u>**: यस व्यास नगरपालिका वडा नं ११ मा विगत देखि नै संचालित चुनढुंगा उत्खनन् कार्य तथा व्यास १० मा प्रस्तावित सोही प्रकृतिको खानी सञ्चालन र सोको बिक्री एवं निकासी करका सम्बन्धमा हाल उत्पन्न अन्यौल एवं कानूनी जटिलताको विषयमा प्रचलित कानून

एवं विगतको अभ्यास र व्यवहारिक पक्ष समेतलाई मध्येनजर गरी असुली योग्य परिमाण र सोको दररेट खुल्ने गरी अध्ययन एवं छलफल गरी प्रतिवेदन पेश गर्न राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने साथै सो समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा चुनढुंगा खानी रहेका व्यास न.पा. वडा नं.१० का वडाध्यक्ष श्री तुलसीराम सापकोटा र व्यास नगरपालिका वडा नं. ११ का वडाध्यक्ष श्री निरबहादुर खड्का तथा यस नगरपालिकाका वरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कंचन जि.सि. समेतलाई सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं.१२:** व्यास नगरपालिका वडा नं.९ को वडा कार्यालय भवन निर्माण गर्न गजौडे बजार स्थित गजुरे स्वास्थ्यचौकीको भवनसँग सिमाना जोडिएका, सडकको मोहडामा पर्ने व्यक्तिगत जग्गा मध्ये सबैभन्दा न्यून दरमा उपयुक्त जग्गा खरिद गर्नुपर्ने भएकाले नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमति माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**: यस व्यास नगरपालिकाको वडा नं.१३ स्थित आँपश्वाँरा, पोखरीभन्ज्याङ्ग, रिप, वेलभन्ज्याङ्ग, ओटाङ्गदी लगायत क्षेत्रका बासिन्दाहरुलाई पिउने पानीको व्यवस्थापन गर्न आयोजना सञ्चालनको लागि सबै हिसाबले पायक पर्ने स्थानका वाह्रमासे मुल भएको जग्गा खरिद गर्नुपर्ने भएको हुँदा खानेपानीको मुल दर्ता रहेको वा परम्परादेखि मुलको पानीद्वारा सिंचाई गरिरहेका क्षेत्र वरपरको पानीको मुल सहितको जग्गा खरिद गर्नुपर्ने भएकोले नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमति माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१४** UKAID को आर्थिक सहयोगमा UNOPS नामक संस्थाद्वारा कार्यान्वयनको लागि प्रस्ताव गरिएको आंसिक क्षति भएका ढुंगा माटोले बनेका ग्रामिण भवनहरुको प्रवलीकरण परियोजना कार्यक्रम सञ्चालनको स्वीकृतिको लागि Unops Asia Region Nepal को मिति २०७५/०४/३० को पत्रद्धारा लेखी आएको सम्बन्धमा छलफल हुँदा भूकम्प पिडितहरुको पहिचान र समानुपातिक सेवा तथा लाभ वितरणको योजना र सोको व्यवस्थापनको पूर्ण जिम्मेवारी सम्बन्धित संस्थाले नै लिने गरी यस नगरपालिका क्षेत्रमा रहेका इच्छुक भुकम्प पिडितहरुको लागि मात्र उल्लेखित कार्यक्रम संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** सरसफाई सम्बन्धित विविध जनचेतनामूलक कार्यक्रमहरु सहित वडालाई पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने उद्देश्यले यस व्यास नगरपालिका वडा नं.११ को कार्यालयबाट पेश हुन आएको रु.१,५२,५००। (एक लाख वाउन्न हजार पांच सय रुपैया मात्र) प्रस्ताव उपर छलफल गरियो । अत्यन्त मितव्ययिता अपनाई प्रस्तावित सम्पूर्ण गतिविधिहरु सहित घोषण सभा सम्पन्न गर्न रु.१,००,०००। (एक लाख रुपैयाँ मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** व्यास नगरपालिका वडा नं. ११ अन्तर्गत पर्ने वाँसपानी सिमखान लिफ्टीङ्ग खानेपानी आयोजनाको लागि आवश्यक T.O.D. प्रविधिमा आधारित मिटर खरिद गर्न अन्य रकम सम्बन्धित उपभोक्ताहरुले नै उपभोक्ता लागत सहमागिता वापत व्यहोर्ने गरी रु.७४,०००। ( चौहत्तर हजार रुपैयाँ मात्र) नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७:** यस व्यास नगरपालिकाको केही वडाहरुमा हालसम्म पनि आफ्नो भवन नभएको साथै केही वडाहरुको भवन निर्माण कार्य अधुरो रहेकोमा भवन निर्माण कार्य अधुरो रहेका वडा नं.४, वडा नं.१० र वडा नं.११ का वडा कार्यालयका निर्माणाधीन अधुरा भवनहरु यस वर्ष सम्पन्न गर्न तथा वडा नं.१, वडा नं.७, र वडा नं.९ मध्ये जग्गा एकिन भइसकेका वडाहरुको वडा कार्यालय भवन निर्माण गर्न लागत इष्टिमेट तयार गरी भवन निर्माणको लागि ठेक्का बन्दोबस्तीको प्रकृया अगाडि बढाउने र भवन निर्माणको लागि जग्गा एकिन नभएका वडाहरुको हकमा जग्गा एकिन भए पश्चात् मात्र निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** यस नगरपालिकाका विभिन्न वडाहरु अन्तर्गत पर्ने खोला खोल्सीहरुमा पक्की कल्भर्ट नहुँदा दैनिक आवागमनमा वाधा परिरहेको व्यहोरा सहित विभिन्न सडक उपभोक्ता समितिहरुबाट ह्यूमपाइप माग भई आएको हुनाले माग भई आए अनुसारका सडकहरुको लागि आवश्यक पर्ने ह्यूमपाइपको लागत अनुमान तयार गरी खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** यस नगरपालिकामा रहेको सभाहलमा कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्था तथा कार्यालयबाट निशुल्क रुपमा सभाहल उपलब्ध गराउन माग भइरहने तर निशुल्क सभाहल उपलब्ध गराउँदा सभाहलको दैनिक सरसफाई तथा अन्य व्यवस्थापकीय पक्षहरुलाई चुस्त दुरुस्त रुपमा राख्न कठिनाई भइरहेको हुँदा सोको प्रभावकारी व्यवस्थापनको लागि कम्तीमा रु.१०००। ( एक हजार रुपैयाँ) सम्म सरसफाई तथा अन्य शुल्क वापतको रकम लिएर मात्र हल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०:** यस नगरपालिकाले प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ को प्रावधान अनुसार १० दश हजार वर्गफिट क्षेत्रफल भएका भवनहरुको नक्शापास प्रकृयामा तेस्रो पक्ष प्रमाणिकरण गराउने कार्यका लागि प्राविधिक विशेषज्ञ सूचिकृतको गर्न यस अघिनै सूचना प्रकाशित गरेकोमा कोही पनि प्राविधिक विशेषज्ञवाट सूची दर्ताको लागि आवेदन दर्ता हुन नआएको परिप्रेक्ष्यमा व्यास नगरपालिका वडा नं.१० को भुवाने क्षेत्रमा, पोखरा फर्मास्टिकल्स प्रा.लि.ले भवन निर्माणको लागि नक्शा दर्ता गरेको र सो नक्शा पास प्रकृयाको लागि आवश्यक रहेको तेस्रो पक्ष प्रमाणिकरणको लागि Structural Engineering विषयमा स्नाकोत्तरसम्मको योग्यता हासिल गरेका NEC No.१००५९ का इन्जिनियर श्री शैलेश अधिकारीलाई प्राविधिक विशेषज्ञाको रुपमा नियुक्त गरी नक्शा पास प्रकृया अगाडि बढाई दिन अनुरोध भई आए अनुसार निज इन्जिनियर शैलेश अधिकारीलाई सो कार्यको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२१**: यस नगरपालिकाका प्रत्येक वडा कार्यालयलाई सुविधा सम्पन्न एवं प्रविधिमैत्री गराउँदै दैनिक सेवा प्रवाहलाई थप गुणस्तरीय एवं प्रभावकारी बनाउदै लैजाने यस नगरपालिकाको नीति अनुरुप वडा नं १४ को वडा कार्यालयलाई स्तरोन्नति गर्ने कार्यको लागि पेश हुन आएको कुल लागत अनुमान रु.१,५७,६०७।३९ (एक लाख सन्ताउन्न हजार छ सय सात रुपैया उनान्चालीस पैसा) अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२:** यस नगरपालिका वडा नं ४ को कार्यालय भवन हाल निर्माणधीन अवस्थामा रहेको र विगत देखि नै वडा कार्यालय सञ्चालनको लागि व्यास नगरपालिका वडा नं.४ बस्ने मेनका रिमाल कट्टेलको घरको २ वटा कोठाहरु भाडामा लिई कार्यालय सञ्चालन गरिदै आएकोमा चालु आ.व. २०७५/०७६ को श्रावण १ गते देखि एकिकृत सम्पत्ति कर लगायत अन्य सम्पूर्ण करहरु वडा कार्यालयबाट नै असुली गर्ने गरी व्यवस्थापन मिलाइएकोमा साविकमा भाडामा लिएका कोठाहरुले मात्र कार्यालय सञ्चालन गर्न अपुग हुन गई कठिनाई सिर्जना हुन गएकोले मासिक भाडा (सम्पूर्ण करहरु सहित) रु.११,०००। (एघार हजार रुपैयाँ मात्र) बुझाउने गरी सोही घरको १ (एक) कोठा सहित ३ (तीन) ओटा कोठा भाडामा लिई कार्यालय सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** यस नगरपालिका कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारी श्री प्रतिक्षा लोहनीलाई मिति २०७५ श्रावण १ देखि लागू हुने गरी मासिक रु.१५,०००। (पन्ध्र हजार रुपैयाँ मात्र) पारिश्रमिक दिने गरी गरिएको करार सम्झौता अनुमोदन गरियो ।

**निर्णय नं.२४:** यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यालयको पोशाकमा आई कामकाज गर्ने वातावरण मिलाउन करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई वार्षिक रु.७,५००। (सात हजार पाँच सय) पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५:** यस नगरपालिकाको फुलवारीमा विभिन्न मौसम अनुसारका विभिन्न प्रजातीका बोट विरुवाहरु लगाउने र नियमित रुपमा फुलवारी गोडमेल एवं सिंचित गर्ने कार्यका लागि व्यास नगरपालिका वडा नं ३ मा संचालित कृष्ण फुल नर्सरीका प्रोपाइटर गम्भीर दास नेपालसँग विगत वर्ष देखिनै सेवा लिने दिने सम्झौता गरी उल्लेखित कामको जिम्मा लगाउदै आइएकोमा यस आ.व. २०७५/०७६ को लागि पनि निज गम्भीर दास नेपालले सो कार्यका लागि वार्षिक रु १,१०,०००। (एक लाख दश हजार रुपैयाँ) पारिश्रमिक पाउने गरी सम्झौता गरी पाउँ भनी पेश गरेको प्रस्ताव उपर छलफल गरियो । सो सम्बन्धमा यस कार्यालयले नवनिर्मित भवन तर्फ समेत फूलवारी निर्माण गर्दा सोको लागि आवश्यक न्यूनतम कार्यहरुमा सहयोग समेत पुर्‍याउने शर्त सहित वार्षिक रु.१,१०,०००। (एक लाख दश हजार रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** यस नगरपालिकाका वडा कार्यालयवाट प्रवाह हुने सेवालाई अझ गुणस्तरीय बनाउदै लैजान वडा कार्यालयको जनशक्ति व्यवस्थापनलाई क्रमश: वैज्ञानिक तवरले मिलान गर्दै लैजाने साथै हालसम्म कार्यालय सहयोगी नरहेका वडाहरुमा यस कार्यालयको मौजुदा जनशक्तिबाट आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन मिलाउने र मौजुदा जनशक्तिको व्यवस्थापन गर्दा समेत कार्यालय सहयोगी कर्मचारीहरुको अभाव हुन गएमा हाल वडा कार्यालयहरुमा वडा स्तरबाट नै दैनिक ज्यालादारीमा नियमित रुपमा वडा कार्यालयको सरसफाई लगायत अन्य काममा नियमित रुपमा खटिएका व्यक्तिहरुको कार्य सम्पादन सन्तोषजनक भएमा निजहरुसँग नै सेवा करार सम्बन्धी सम्झौता गरी वडा कार्यालयको कामकाजमा खटाउने निर्णय गरियो ।